नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १८] काठमाडौं, पौष १३ गते २०२५ साल [अतिरिक्ताङ्क २४

श्री ५ को सरकार

गृह पञ्चायत मन्त्रालयको

सूचना

निजामती सेवा नियमावली, २०२१ को नियम १०.३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ –

श्री ५ को सरकारले मिति २०२५।९।८।१ को निर्णय अनुसार नेपाल अधिराज्य-का विभिन्न अञ्चलहरूमा खटिएका दौडाहा टोलीको अध्यक्षहरूलाई दौडाहाको अवधिसम्म आफ्ना साथका र आफ्ना दौडाहाको अञ्चल भित्रका न्यायपालिका बाहेकका अन्य राजपत्र अनङ्कित कर्मचारीलाई सोही नियमावलीको नियम १०.२ अनुसार सजाय दिने अधिकार सुम्पेको छ ।

निजले गरेको सजायको आदेश उपर श्री ५ को सरकारमा पुनरावेदन लाग्ने गरी तोकिदिएको छ ।

आज्ञाले–

उपरथी क्षेत्रविक्रम राणा

श्री ५ को सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।